मा. मन्त्रीज्यूबाट
२०८३/०६/२० मा
स्वीकृत

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
श्रीमहल प्रोजेक्ट, ललितपुर

स्थानीय पर्यटकीय मार्ग पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

प्रस्तावना: स्थानीय पर्यटकीय मार्ग पूर्वाधार विकास कार्यक्रम सम्बन्धी आयोजनाको छनोट, लेखाजोखा, विकास, कार्यान्वयन र व्यवस्थापनलाई वस्तुगत मापदण्ड तथा तथ्यमा आधारित बनाई तोकिएको लागत, गुणस्तर र समय सीमामा आयोजना सम्पन्न गरी अधिकतम प्रतिफल प्राप्त गर्ने सम्बन्धी कार्यविधिगत व्यवस्थालाई प्रभावकारी बनाउन बाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ।

परिच्छेद — १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्थानीय पर्यटकीय मार्ग पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"आयोजना"** भन्नाले स्थानीय पर्यटकीय मार्ग पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सञ्चालित कुनै सडक वा अन्य पूर्वाधार निर्माण, स्तरोन्नति वा मर्मतसम्भारको कार्य सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले स्थानीय पर्यटकीय मार्ग पूर्वाधार विकास कार्यक्रम सम्झनु पर्छ।

(ग) **"कार्यालय"** भन्नाले स्थानीय पूर्वाधार विकास विभाग अन्तर्गतका कार्यालय सम्झनु पर्छ।

(घ) **"पर्यटन गन्तव्य क्षेत्र"** भन्नाले नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहद्वारा पहिचान भएका वा ऐतिहासिक, धार्मिक, प्राकृतिक वा सांस्कृतिक महत्व भएको क्षेत्रलाई सम्झनु पर्छ।

(ङ) **"पर्यटकीय मार्ग"** भन्नाले पर्यटन गन्तव्य क्षेत्रलाई जोड्ने सडक मार्ग सम्झनु पर्छ।

(च) **"मन्त्रालय"** भन्नाले पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) **"मर्मतसम्भार"** भन्नाले सडकको दीर्घकालीन उपयोगिताका लागि गरिने नियमित, पटके, आवधिक र आपत्कालीन मर्मत कार्यलाई सम्झनु पर्छ।

(ज) **"विभाग"** भन्नाले स्थानीय पूर्वाधार विकास विभाग सम्झनु पर्छ।

परिच्छेद — २

आयोजना पहिचान, छनोट तथा मापदण्ड

३. **आयोजनाको पहिचानः** (१) आयोजनाको पहिचान गर्दा देहायका सबै वा कुनै विषयलाई आधारको रुपमा लिन सकिनेछ।

(क) पर्यटकीय क्षेत्र, गन्तव्य र संरक्षित क्षेत्रलाई जोड्ने सडक वा सडक खण्ड,

अशोक कुमार साह

(ख) ऐतिहासिक, धार्मिक, प्राकृतिक वा सांस्कृतिक रुपमा विशेष महत्व भएको स्थानलाई जोड्ने सडक,

(ग) विशेष चाड-पर्व, मेला, जात्रा वा अन्य अवसरमा यातायत चाप व्यवस्थापन गर्ने वैकल्पिक सडक,

(घ) पर्यटकीय गन्तव्यहरुलाई जोडी पर्यटन सर्किट निर्माण गर्न सहयोग पुऱ्याउने सडक,

(ङ) नेपाल सरकारको पर्यटन नीति तथा रणनीति र कार्यक्रम अनुरुपका कार्यलाई सहयोग पुऱ्याउने सडक।

(२) कार्यालयले उपदफा (१) बमोजिम आयोजना पहिचान गरी अनुसूची-१ मा उल्लिखित विवरण खुलाई विभागमा लेखी पठाउनु पर्नेछ।

(३) कार्यालयले उपदफा (१) बमोजिम आयोजना पहिचान गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्न सक्नेछ।

४. <u>आयोजना छनोटः</u> (१) दफा ३ बमोजिम पहिचान भएका सडक र मन्त्रालय एवं विभागमा प्राप्त माग मध्येबाट महत्व, उपलब्ध स्रोत तथा साधन, भौगोलिक र प्रादेशिक सन्तुलन समेतको आधारमा विभागले आयोजना छनोटका लागि मन्त्रालयमा सिफारिस गर्नेछ।

(२) विभागको सिफारिस बमोजिम आयोजना छनोटको अन्तिम जिम्मेवारी र उत्तरदायित्व प्रचलित कानुन अनुसार मन्त्रालयको हुनेछ।

५. <u>सडक मापदण्ड पालना गर्नु पर्नेः</u> यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा सडक निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार सम्बन्धी प्रचलित कानून तथा नेपाल सरकारबाट स्वीकृत मापदण्ड र निर्देशिकाको पालना गर्नु पर्नेछ।

<u>परिच्छेद -३</u>

<u>बजेट बाँडफाँट, आयोजना कार्यान्वयन तथा मर्मतसम्भार</u>

६. <u>बजेट बाँडफाँट र आयोजनाको कार्यान्वयनः</u> (१) प्राप्त बजेट सिलिङ अनुसार दफा ४ बमोजिम छनोट भएका सडकहरूलाई बजेट बाँडफाँटको लागि विभागले मन्त्रालयमा सिफारिस गर्नेछ।

(२) वार्षिक विकास कार्यक्रममा समावेश भएका आयोजना मध्यमकालीन खर्च संरचनाको सिमा भित्र रही बहुवर्षीय रुपमा कार्यान्वयन गर्न सकिनेछ।

७. <u>सडक मर्मतसम्भारः</u> (१) कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न भएका सडकको मर्मतसम्भार तथा संरक्षणको लागि विभागले सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ।

(२) सडक सम्पत्ति व्यवस्थापनको सिद्धान्त अनुसार सडक मर्मतसम्भार गर्ने पद्धतिको क्रमशः विकास गर्नु पर्नेछ।

परिच्छेद -४

<u>विविध</u>

८. <u>प्रविधिको प्रयोगः</u> विभागले कार्यक्रम अन्तर्गतका सडकको एकीकृत तथ्याङ्क प्रणाली विकास गर्न भौगोलिक सूचना प्रणाली (GIS) जस्ता स्थानिक (Spatial) प्रविधिहरुको प्रयोग गर्न सक्नेछ।

अशोक कुमार साह
महानिर्देशक

९. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

१०. <u>बाधा अड्काउ फुकाउने:</u> यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्वविधा वा अस्पष्टता भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
स्थानीय पूर्वाधार बिकास विभाग
भीमहल पुल्चोक, ललितपुर

अशोक कुमार शाह
महानिर्देशक

नेपाल सरकार
स्थानीय पूर्वाधार विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
भीमहल पुल्चोक, ललितपुर

अनुसूची – १

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

आयोजना पहिचान सम्बन्धी विवरण

सडकको विवरण:

क्र.सं.	प्रस्तावित सडकको नाम	जम्मा लम्बाई कि.मी.	वर्तमान सडकको औसत चौडाई मी.	कालोपत्रे सतह भएको खण्ड (कि.मी.)	ग्राभेल सतह भएको खण्ड (कि.मी.)	धुले/माटो सतह भएको खण्ड (कि.मी.)	प्रस्तावित नयाँ ट्र्याक खोल्नु पर्ने (कि.मी.)	सडकले जोड्ने पर्यटकीय गन्तव्य स्थलको संख्या तथा नाम	अनुमानित वार्षिक पर्यटक आवागमन संख्या	सडकको अनुमानित लागत (रु. लाखमा)	डि.पि.आर	वातावरणीय अध्ययन	पर्यटन गुरुयोजना वा आवधिक योजनामा समावेश भए/नभएको।	कैफियत
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५
१.														
२.														
३.														

द्रष्टव्य:

(क) महल २ मा उल्लिखित सडकको रेखाङ्कनको GPS Track (KML file) सहितको विवरण पठाउनु पर्नेछ।

अशोक कुमार साह
महानिर्देशक